# राष्ट्रिय मानव अधिकार आयोग

## हरिहरभवन, ललितपुर

### बिशेषज्ञ सेवाको लागि आवेदन गर्ने सम्बन्धि सूचना

### पुनः प्रकाशित मितिः २०७६ माघ १३ गते

नेपालको संविधानको धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक व्यवस्था गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार संरक्षण, सम्बर्द्धन तथा परिपूर्तिका विभिन्न दायित्व सहित नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार संरक्षण, सम्बर्द्धन तथा परिपूर्तिका लागि निरन्तर रुपमा कार्य गर्दै आइरहेको छ।

राष्ट्रिय मानब अधिकार आयोगले नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको अधिकारको विषयमा वातावरण तथा विकास मानव अधिकार अनुगमन निर्देशिका तयार गर्नु पर्ने भएकोले तपशिलमा उल्लेख गरिए अनुसारको विशेषज्ञ सेवाको आवश्यकता भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैयक्तिक विवरण सहित आवेदन गर्नुहुन यो सूचना आव्हान गरिएको छ। आवेदन गर्दा तपशिलमा उल्लेखित आधारहरु उल्लेख गरि आवेदन गर्नु हुन सुचित गरिन्छ। ईंच्छुक र योग्य बिशेषज्ञहरुले निम्न ईमेल ठेगाना tikaram.pokharel@nhrcnepal.org र kiran.baram@nhrcnepal.org को ईमेल ठेगाना वा आयोगको सामूहिक अधिकार महाशाखा अन्तर्गत वातावरण तथा विकास अधिकार सम्पर्क अधिकृत लाई बुझाउन सकिने छ। अन्य विस्तृत जानकारीको लागि आयोगको टेलिफोन नम्बर ५०१००१५ एक्सटेन्सन २१६ वा ९८५१०२६४११ मा सम्पर्क गर्न सकिनेछ।

**तपशिल**

| आवश्यक विशेषज्ञ सेवा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | शिर्षक | विशेषज्ञता | संख्या | योग्यता र अनुभव |
| १ | वातावरण तथा विकास मानव अधिकार अनुगमन निर्देशिका मस्यौदा गर्ने | वातावरण तथा विकास मानव अधिकार | १ जना | वातावरण विज्ञानमा स्नातकोत्तर वा कानून विषयमा स्नातक उत्तिर्ण गरी कम्तीमा १० बर्षको अध्ययन, अनुसन्धान वा १० वर्ष वातावरणीय कानूनमा अभ्यासको अनुभव |

**शर्त तथा बन्देजहरु**

१. आवेदन गर्न इच्छुक तथा योग्य व्यक्तिहरुले आफ्नो बैयक्तिक विवरण तथा प्रस्तावित निर्देशिकाको मस्यौदामा रहने विषयसूचि सहित दुई महिना भित्र सेवा दिने गरी उल्लेखित ठेगानामा पठाउनु हुन वा प्रशासन महाशाखामा उपस्थित भई आवेदन पेश गर्नु पर्नेछ।

२. वातावरण विज्ञानमा स्नातकोत्तर वा कानून विषयमा स्नातक उत्तिर्ण गरी कम्तीमा १० बर्षको अध्ययन, अनुसन्धान वा १० वर्ष वातावरणीय कानूनमा अभ्यासको अनुभव भएको हुनु पर्ने छ।

३. प्राप्त आवेदनहरुको आधारमा विशेषज्ञहरुको छनौट गर्ने अन्तिम निर्णय गर्ने अधिकार आयोगमा निहित रहने छ।

४. आवेदन गर्न इच्छुक तथा योग्य व्यक्तिहरुको स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र हुनु पर्नेछ।

५. छनौट भएका बिशेषज्ञको पारिश्रमिकमा प्रचलित कानून बमोजिम कर कट्टी गरिने छ।